स्थानीय सरकार
राप्ती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मसुरिया, देउखुरी दाङ
लुम्बिनी प्रदेश, नेपाल

०८२-४१३०७७
raptimundang.gov.np
info@raptimundang.gov.np
raptiruralmunicipality@gmail.com

प.स. २०८३/८४
च.नं.:

मिति:२०८३/०७/ १९

विषयः राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सञ्चालन सम्बन्धी सूचना ।

श्री सामुदायिक तथा संस्थागत विद्यालयहरु सबै,
राप्ती गाउँपालिका,देउखुरी, दाङ ।

प्रस्तुत विषयमा, आ.व. ०८३/ ०८४ वार्षिक कार्यक्रम अनुसार गाउँकार्यपालिकाको मिति २०८३।०७।१७गतेको निर्णय अनुसार राप्ती गाउँपालिका स्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता २०८३ मंसीर १० देखि १२ गतेसम्म श्री आदर्श माध्यमिक विद्यालय राप्ती गाउँपालिका वडा नं -२ लालमटियाको आयोजनामा राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका, २०७० संशोधनसहितको परिधिभित्र रही प्रतियोगिता सञ्चालन गरिने भएकोले शैक्षिक सत्र २०८३ मा कक्षा १२ सम्म भर्ना भई नियमित रुपमा अध्ययन गरिरहेका मिति २०८३ ।०८।१० गते सम्म १८ वर्ष नपुगेका विद्यार्थीहरु छनोट गरी प्रतियोगितामा सहभागी गराउन सामुदायिक तथा संस्थागत विद्यालयहरुका लागि यो सूचना प्रकाशन गरिएको छ। खेलमा भाग लिन इच्छुक छात्र/छात्रा खेलाडीहरुको विवरण अनुसूची-१ बमोजिमको फारम,जन्मदर्ता वा नागरिकताको प्रतिलिपि र पासपोर्ट साइजको फोटोसहितको *EMIS NUMBER* विवरण तयार गरी मिति २०८३/०८।०८ गतेभित्र आयोजक विद्यालयमा पेश गर्नुहुन अनुरोध छ । राष्ट्रपति रनिङशिल्ड प्रतियोगितामा समावेश हुने खेलसहितको अनुसूची यसैसाथ संलग्न गरिएको छ ।

<u>प्रतियोगितामा समावेश गरिने खेलहरु:</u>

१.राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिकाको अनुसूची-४ बमोजिमका खेलहरु ।
२. आधारभूत तह (कक्षा १-८) का छात्र तथा छात्राका खेलाडीहरुको १०० मि. दौड र लङजम्प ।
३.प्राथमिक तह (कक्षा १-५) का छात्रछात्राको १०० मि. दौड ।

अनिल आचार्य
नि.प्रमुख प्रशासकीय अधिकृत

<u>पुनश्चव:</u> खेल उद्घाटन कार्यक्रम मिति २०८३/०८/१० गते १०:००बजे सबै विद्यालयबाट राष्ट्रिय झण्डा र विद्यालयहरुको आफ्ना झण्डासहित खेलाडी विद्यार्थीहरुलाई मार्च पासमा सहभागीताको लागि अनुरोध गरिन्छ ।

<u>बोधार्थ:</u>

श्री आदर्श माध्यमिक विद्यालय लालमटिया , देउखुरी, दाङ ।
श्री सुचना प्राविधि शाखा, चेवलगढमा राख्नुहुन
र सबै विद्यालयलाई जानकारी गराउनुहुन ।

Scanned with CamScanner